

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २७ गते शनिबार ❑ 11 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा विमानस्थलबाट पहिलो पटक रात्रिकालीन उडान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट रात्रिकालीन उडान सुरु भएको छ। अन्तर्राष्ट्रिय विमानस्थललाई हब बनाएर चार आन्तरिक विमानस्थलबाट रात्रिकालीन उडान सुरु भएको विमानस्थलका प्रमुख विक्रम गौतमले जानकारी दिनुभयो ।

उहाँका अनुसार निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले पोखरा अन्तर र्षिट्रय विमानस्थबाट बिहीबार रातिदेखि विभिन्न चार गन्तव्यबाट रात्रिकालीन उडान सुरु गरेको हो । काठमाडौं, भद्रपुर, भैरहवा र नेपालगञ्जबाट पोखरामा रात्रिकालीन उडान भरेको विमानस्थलले जनाएको छ। पोखरामा रात्रि विसान भएका चारै गन्तव्यका जहाजले शुक्रबार बिहान सम्बन्धित गन्तव्यमा उडान भरेका छन् ।

रात्रि उडान तालिका बनाएर उडान सञ्चालन भएको र यसबाट यात्रुको सहजताका साथै पर्यटन विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। "रात्रिकालीन उडानबाट अत्यावश्यक कामकाजी यात्रुलाई सहजता हुनका साथै 'सिटी लाइफ' चलायमान बन्नेछ। पर्यटन उद्योगलाई पनि चलायमान बनाउन मद्दत पुग्नेछ", प्रमुख गौतमले भन्नुभयो । बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णका अनुसार रात्रि उडान भरेर पोखरामा विसान भएका जहाजले आज बिहान पोखराबाट पुनः काठमाडौं, भैरहवा, नेपालगञ्ज तथा भद्रपुर उडान गरेका छन् । उहाँले पोखरालाई हब बनाएर एकसाथ सुरु भएको रात्रिकालीन उडानले यात्रुलाई सहज आवातजावतका साथै मुलुकको पर्यटन विकास तथा स्थानीयस्तरमा थप रोजगारी सिर्जना गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । विभिन्न शिलशिलामा पोखरामा पुग्ने यात्रुले साँझ पोखरा बसाइ तथा घुमफिर गरेर बिहान आफ्नो गन्तव्यमा फर्कन सहज हुनेछ।

निर्धारित रात्रिकालीन उडान तालिकाअनुसार भद्रपुर-पोखरा साँझ ६:५५ बजे, भैरहवा-पोखरा साँझ ७:२५ बजे, नेपालगञ्ज-पोखरा साँझ ७:३० बजे र काठमाडौँ-पोखरा साँझ ७:३५ बजे रहेको छ । पोखरा अन्तर र्ष्ट्रिय विमानस्थलमा गत फागुन ११ मा इन्स्ट्रमेन्ट फलाइट रुल्स (आइएफआर) प्रणाली लागू भएको थियो। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिकतर्फ निजी क्षेत्रका बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स र सौर्य एयरले काठमाडौं-पोखरा उडान भर्दै आएका छन्। पोखराको पुरानो आन्तरिक विमानस्थलबाट तारा एयर र समिट एयरले स्टल रुटमा उडान भर्दै आएका छन्।

## क्रियाशील पत्रकारहरुका लागि पोखरामा भाषा सम्पादन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

क्रियाशील पत्रकारहरुका लागि पोखरामा भाषा सम्पादन तालिम सुरु भएको छ । पोखरा महानगरपालिकाको सहयोगमा नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा शुक्रबार देखि आइतबार सम्म तालिम हुनेछ।




तालिमको सहजकर्ताको रुपमा भाषाविज्ञ शरच्चन्द्र वस्ती र विमल आचार्य रहेका छन् । तालिमको गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले उद्घाटन गरे । उनले भाषा अग्रगामी हुने र भाषाको विषयमा पत्रकार सक्षम हुनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । तालिमले भाषाको कलात्मकताको विषयमा सुधार ल्याउन मदत पुग्ने विश्वास लिएका छन्। 'संचार जगतमा काम गर्ने संचारकर्मीले भाषाका विषयमा ख्याल गर्नुपर्ने देखिन्छ। भाषाका विषयमा समयसापेक्ष हुन सकेनौं भने स्वभाविक रुपमा आक्रमण हुँदै जान्छ।', उनले भने। भाषाको विषयलाई व्यापक बनाउन सबै सचेत हुनुपर्ने आवश्यकता रहेको भनाई मुख्यमन्त्रीको छ । कलम चलाउँदा दुर्घटना नहुने गरी भाषाको प्रयोग गर्न पत्रकारलाई उनले आग्रह गरेका छन् । भाषा सम्पादनको तालिमले नयाँ उर्जा मिल्ने उनले बताए । सहजकर्ता शरच्चन्द्र वस्तीले मुल संचार माध्यम भनेकै भाषा भएको उल्लेख गरे । उनले सबैखालको विषयगत रिर्पोटिङका लागि भाषा महत्वपूर्ण भएको बताए । समाचारमा भाषाको प्रयोग गर्दा अनर्थ नलाग्ने शब्दको प्रयोग गर्नुपर्नेआवश्यकतालाईऔंल्याएका छन् । प्रेस काउन्सिलका सदस्य दुर्गा भण्डारीले संचारमाध्यममा आएका समाचारमा भाषाशैली स्तरिय नहुँदा समस्या आएको बताइन् । भाषाको स्तर गिर्दो हुँदा समाजमा विकृति फैलिएको अभिव्यक्ति उनको छ । उनले समय समयमा भाषाका विषयमा तालिम गर्दै जानुपर्ने सुझाव दिएकी छिन् । पत्रकार महासंघ गण्डकी प्रदेशका महासचिव गोबिन्द सुवेदीले भाषा शुद्धिकरणमा तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरेका छन्। उनले समाचार लेखनमा भाषाको अज्ञानता हुँदा वेअर्थ लाग्ने गरेको भनाई उनको छ । पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले पोखरा महानगरपालिकाको सहयोगमा आयोजना गरिएको भाषा सम्पादन तालिम फलदायी हुने विश्वास लिएकी छिन्। उनले भाषा माथि नै प्रश्न चिन्ह खडा हुँदा भाषा सम्पादनको तालिम आवश्यक ठानेर आयोजना गरिएको जानकारी गराइन् । गण्डकी सरकार प्रेसमैत्री तवरले अगाडि बढेमा संचारमाध्यममा भाषाका विषयमा आएका समस्यालाई समाधान गर्ने गरी लाग्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाली तानमा बनाइएको 'नेचुरल कार्पेट' अन्तर्राष्ट्रिय बजारमा प्रदर्शन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

पच्चिस जना महिलाले झन्डै छ महिना लगाएर तयार पारेको 'नेचुरल टेक्सटायल कार्पेट' अन्तर र्ष्ट्रिय बजारमा प्रदर्शनी गरिने भएको छ।

ब्रिटिस काउन्सिलको सहयोगमा पोखरास्थित महिला सीप विकास संस्थाले तयार पारेको उक्त कार्पेट १६ मिटर लामो रहेको संस्थाका संस्थापक कार्यकारी निर्देशक रामकली खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार सुती धागोबाट जडीबुटी र फलफूलको रस प्रयोग गरी 'केमिकल'रहितकार्पेटतयारपारिएको हो । उहाँले नेपाली उत्पादनलाई विश्वबजारमा चिनाउनका लागि कार्पेट तयार पारिएको बताउनुभयो।

कार्पेटको बीच भागमा विभिन्न चित्र, नक्सा अङ्कित गरिएको छ । उहाँका अनुसार मोबाइलबाट एपमार्फत् कार्पेट बनाउँदा प्रयोग भएको कच्चा पदार्थका साथै तयार पार्ने महिलाको कथा हेर्न सकिनेछ । सोह्र मिटर लामो कार्पेटसँगै डेढ मिटरका अन्य २४ वटा साना नेचुरल कार्पेट पनि तयार गरिएको छ । ब्रिटिश काउन्सिलले गरिबी निवारणका लागि एकल, द्वन्द्वपीडित, हिंसापीडित, अपाङ्गता भएका एवं पछाडि पारिएका महिलालाई आयआर्जनमा जोडेर सम्मानित जीवनयापनका लागि ल्याएको कार्यक्रममा संस्थाको सहकार्य रहेको खड्काको भनाइ छ । "कार्पेट प्रदर्शनीका लागि मात्रै भएकाले मूल्य तोकेका छैनौँ", उहाँले भन्नुभयो, "विभिन्न देशमा यसलाई प्रदर्शन गर्ने हाम्रो योजना अनुसार बेलायतबाट यसको सुरुआत गर्नेछौँ ।" उहाँका अनुसार प्रदर्शनीपछि यसलाई बेलायतकै विश्वविद्यालयमा राखिने छ । प्रदर्शनपछि माग आएमा नयाँ कार्पेट तयार गरी मूल्य निर्धारण गरिनेछ। पोखरा महानगरको सहयोगमा मार्च ८ मा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसमा संस्थाबाट उत्पादित सामग्री प्रदर्शनीसँगै उक्त कार्पेटलाई पनि प्रदर्शन गरिएको थियो । विसं २०३२ मा स्थापना भएको महिला सीप विकास संस्थाले विशेष गरी आर्थिकरुपमा विपन्न, अपागङ्ता भएका, एकल र द्वन्द्वपीडित महिलालाई आयआर्जनमा जोडेर सम्मानित जीवनयापनाका लागि पहल गर्दै आएको संस्थाका अध्यक्ष देवी गुरुङले जानकारी दिनुभयो।

'स्वदेशी हस्तकला सामानको प्रयोग गरौँ, स्वरोजगार सिर्जना गरौँ, वातावरण जोगाऔँ' भन्ने नाराका साथ ४७ वर्षदेखि हस्तकलाका सामग्री उत्पादन तथा निर्यातमा सक्रिय संस्थाले झन्डै एक हजारभन्दा बढी सामग्री उत्पादन गर्दै आएको छ। अध्यक्ष गुरुङका अनुसार हालसम्म करिब २१ हजार महिलालाई संस्थाले तालिम प्रदान गरिसकेको छ। हाल तीन सय ५० जना महिला उद्यमी संस्थामा आबद्ध छन्। संस्थाले झोला, पर्स, गुडिया र सजावटका सामान उत्पादन गर्दछ । स्थानीय कच्चापदार्थ, अल्लो, मकैको खोस्टाबाट फूल, गुडियालगायतका अनेकौं सामान उत्पादन गर्दछ । उत्पादनको ८० प्रतिशत विदेशी बजारमा निर्यात हुने गरेको छ भने बाँकी २० प्रतिशत आन्तरिक खपत हुने गरेको संस्थाको भनाइ छ।

संस्थाले हस्तकला सामान निर्यातमार्फत् विदेशी मुद्रा आर्जन गर्न सफल भएको संस्थाकी कार्यकारी निर्देशक खड्काको भनाइ छ । संस्थाका उत्पादन खासगरी अमेरिका, जर्मनी, इटली, कोरिया, क्यानडा, अस्ट्रेलिया, जापानलगायत विभिन्न देशमा निर्यात हुने उहाँले जानकारी दिनुभयो।

## पृथ्वी राजमार्ग १५ दिनसम्म दैनिक चार घण्टा बन्द हुने

**पोखरापत्र संवाददाता**
तनहु, २६ फागुन

पृथ्वी राजमार्गअन्तर्गत बिमलनगरदेखि घाँसी कुवासम्मको पूर्वी सडकखण्ड १५ दिनसम्म दैनिक चार घण्टा पूर्णरुपमा बन्द गरिने भएको छ । यही फागुन २८ देखि चैत १२ गतेसम्म राति १२ बजेदेखि बिहान ०४ बजेसम्म दैनिक बन्द गर्न लागिएको हो।

अत्यावश्यक सवारीसाधान बाहेक अन्य सवारी साधानमा रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिनुभयो। जिल्ला सुरक्षा समितिको शुक्रबार बैठकले निर्णय गरेको हुँदा सम्बन्धित सबै सरोकारवालाको लागि सूचनामार्फत जानकारी गराइएको उहाँले बताउनुभयो।

उक्त समय अवधिमा अत्यावश्यक सवारीसाधान बाहेक अन्य सवारी साधान पूर्णरुपमा बन्द गरी सुरक्षित तरिकाले काम गर्नेगरी राजमार्ग बन्दको व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।

## एक्काइस हजार महिलालाई हस्तकला सीप

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन


हस्तकला सिकेका महिला स्वरोजगार बन्न थालेका छन् । पोखरास्थित महिला सीप विकास संस्थाले उनीहरूलाई सीप र आयआर्जनको बाटो देखाएको हो।

विसं २०३२ मा स्थापित उक्त संस्थाले हालसम्म २१ हजार बढी महिलालाई हस्तकला सीप प्रदान गरेको छ। तीमध्ये तीनसय ५० उद्यमी महिला संस्थामा जोडिएका छन्। उनीहरू आफ्नै सीप चलाएर नियमित कमाइ गर्छन् । संस्थाले हस्तकलाका सामग्री उत्पादन र बिक्री वितरण गर्दै आएको छ । महिलाको सशक्तीकरण, आर्थिक उत्थान र रोजगारी सिर्जना गर्ने उद्देश्यले ४७ वर्षअघि उक्त संस्था स्थापना गरिएको थियो । "अहिलेसम्म २१ हजार बढी महिलालाई सीप सिकाएर घरघरमा पठाएका छौँ, कोही आफैँ उद्योग खोलेर आयआर्जनमा लाग्नुभएको छ, कोही संस्थामा आबद्ध भएर काम गरिरहनुभएको छ", संस्थाका कार्यकारी निर्देशक रामकली खड्काले भन्नुभयो । संस्थाद्वारा सञ्चालित हस्तकला उद्योगमा धागो, अल्लो, हेम, ऊन, मकैको खोस्टालगायत स्थानीय कच्चापदार्थको प्रयोगबाट झोला, टोपी, कार्पेट, लुगा, सजावटका सामग्री आदि उत्पादन हुँदै आएको छ । "हामीले उत्पादन गरेको सामान अमेरिका, इटाली, जर्मनलगायतका देशमा निर्यात हुँदै आएको छ", कार्यकारी निर्देशक खड्काले भन्नुभयो, "कोभिड १९ पछि हस्तकला व्यापार केही खस्केको छ, उद्यममा लाग्ने महिलाको सङ्ख्या पनि घटेको छ।" पहिले उक्त संस्थामा छ सय बढी उद्यमी महिला आबद्ध थिए। संस्थाको अन्तर्राष्ट्रिय बजार हेर्ने रश्मी शाक्यले वार्षिक रु दुई करोड बराबरको सामान विदेश निर्यात हुने गरेको बताउनुभयो । नेपाली बजारमा भने उत्पादनको २० प्रतिशत सामान मात्र खपत हुने गरेको उहाँको भनाइ छ।

"हस्तकलाको सामान महँगो पर्ने भएकाले नेपाली ग्राहकको पहुँचमा खासै पर्दैन, पर्यटकीय क्षेत्र लेकसाइड, ठमेल जस्ता ठाउँमा बढी माग हुन्छ", शाक्यले भन्नुभयो, "पछिल्लो समय उल्लेख्यरुपमा पर्यटक आगमन नहुँदा नेपाली बजारमा सामानको खपत कम छ ।" विदेशबाट माग आएपछि आवश्यक भन्सार प्रक्रिया पूरा गरेर सामान निर्यात गर्ने गरिएको छ । "५० प्रतिशत अग्रिम भुक्तानी लिएपछि मात्र मागअनुसारको सामान उत्पादन हुन्छ, सबै रकम आएपछि बल्ल कार्गो गरेर सामान विदेशी बजारमा पठाउँछौँ", शाक्यले भन्नुभयो। हस्तकलाबाट विदेशी मुद्रा भित्र्याएर संस्थाले नेपाली अर्थतन्त्रमा टेवा पुर्‍याउँदै आएको उहाँको भनाइ छ । पोखरा-१४ की मीरा गुरुङले सीप विकास संस्थाले महिलालाई स्वरोजगार बन्न सिकाएको बताउनुभयो । "घरमै बसीबसी पनि हस्तकलाका सामान बनाएर बेच्न सकिन्छ, समय दिन र मेहनत गर्नसके यसबाट राम्रो कमाइ हुन्छ", गुरुङले भन्नुभयो।

उक्त संस्था स्वच्छ व्यवसाय समूह नेपाल, विश्व स्वच्छ व्यवसाय संस्था, नेपाल हस्तकला महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घलगायतमा आबद्ध छ । संस्थाले सहकारी र सिसु स्याहार केन्द्र पनि सञ्चालनमा ल्याएको छ । तालिम र आयमूलक कार्यक्रमलाई सँगसँगै अगाडि बढाइएको संस्थाका अध्यक्ष देवी गुरुङले बताउनुभयो।

न्यून आय भएका महिलालाई लक्षित गरी सिलाइबुनाइ तालिम दिने गरिएको उहाँको भनाइ छ । उद्यमीले कटनको धागोलाई आफैँ रङ्ग्याएर हाते तान बुनाइबाट सामान उत्पादन गर्ने गर्छन् । हस्तकलाका सामग्री बनाउँदा प्राकृतिक रङको प्रयाग गर्ने गरिएको छ । पोखरा-८ सिमलचौरमा मुख्य र १३, १९ २७ र ३० मा संस्थाको 'फिल्ड' कार्यालय छ।

# डिफेन्डिङ च्याम्पियन अनिस थापा मगरलाई कोल्मा बहाकोट तेश्रो क्रस कन्ट्री दौडको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन




डिफेन्डिङ च्याम्पियन भारतिय सेनाका अनिस थापा मगरले तेश्रो संस्करणको सात सय कोल्मा बहाकोट क्रस कन्ट्रि दौड प्रतियोगिताको उपाधी जितेका छन।

सात सय कोल्मा बहाकोट सम्पर्क मञ्चको आयोजना र कोल्मा बहाकोट समाज यु.के.को मुख्य प्रायोजन र स्याङजा समाज युकेको सह प्रायोजनमा सम्पन्ने क्रस कन्ट्री दौडमा फलेबास २ थापाठाना पर्वतका अनिस थापा मगरले निर्धारित २० किमि दुरी १ घण्टा ४ मिनेट ३६ सेकेण्डमा पार गर्दै प्रतियोगिताको उपाधी हात पारेका हुन । उपाधीसंगै थापाले नगद ३५ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा नेपाल आर्मीका खेवराज बस्नेतले निर्धारित दुरी १ घण्टा ६ मिनेट ५६ सेकेण्डमा पार गर्दै दोश्रो स्थान हासिल गरे। बस्नेतले दोश्रो स्थान सहित नगद २५ हजार, मेडल र प्रमाण प्रत्र प्राप्त गरे । त्यसैगरी प्रतियोगितामा आर्मीकै सुबास कार्कीले निर्धारित दुरी १ घण्टा ८ मिनेट १३ सेकेण्डमा पार गर्दै तेश्रो स्थान हासिल गरे। कार्कीले नगद १५ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे।

त्यसैगरी २१ वर्ष मुनिको १० किलो मिटर पुरुष दौड प्रतियोगिताको उपाधी सिरानचोक २ हर्मी गोर्खाका सन्दिप ढकालले हात पारे। निर्धारित दुरी ४३ मिनेट ३० सेकेण्डमा पार गर्दै ढकालले उपाधी हात पारेका हुन। उपाधी संगै ढकालले नगद १५ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी गोर्खाकै दिनेश बोगटीले निर्धारित दुरी ४४ मिनेट २० सकेण्डमा पार गर्दै दोश्रो स्थान हासिल गरे। बोगटीले नगद १० हजार मेडल र प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी रुकुम पुथाउत्तरगंगाका मनोज रोका मगरले निर्धारित दुरी ४६ मिनेट ५ सेकेण्डमा पार गर्दै तेश्रो स्थान हांसिल गरे । तेश्रो स्थान सहित रोका मगरले नगद ७ हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा १० उत्कृष्ट भित्र आउनेलाई मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो भने । १० किलो मिटर दौड पार गर्ने दुईजना महिला धाविकालाई विशेष सम्मान गरिएको थियो । प्रतियोगिताका बिजेताहरुलाई अन्तराष्ट्रिय अल्ट्रा धावक मीरा राई, पुतलीबजार नगरपालिकाका उप प्रमुख देवी अर्याल, सात सय कोल्मा सम्पर्क मञ्चका अध्यक्ष जित बहादुर गुरुङ, छिमेकी गाउँ समाज हङकङका अध्यक्ष प्रेम थापा मगर, कोल्मा बहाकोट समाज युकेका सल्लाहकार धनकाजी गुरुङ, कोल्मा बहाकोट आमा समुह युकेकी अध्यक्ष हुम कुमारी गुरुङ लगायतले बिजेताहरुलाई पुरस्कार वितरण गरेका थिए।

सो अवसरमा वोल्दै अन्तराष्ट्रिय अल्ट्रा धवाक मीरा राइले युवाहरुलाई खेलकुदमा सहभागी गराउनका लागी क्रसकन्ट्री दौड जस्ता प्रतियोगिताले उल्लेख्य भुमिका खेल्ने वताइन । गाउँठाउलाई चिनाउन सवैभन्दा उत्तम खेलकुद कार्यक्रम भनेकै दौड प्रतियोगिता हुने वताउदै राइले गाउँलाई चिनाउनका लागी विभिन्न देशमा छरिएर रहेको सातसय कोल्मा बासीको योगदान रहेको र यस्ता कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिन आग्रह गरिन। त्यस्तै पुतलीबजार नगरपालिकाका उपप्रमुख देवी अर्यालले सात सय कोल्मा लाइ समेटेर कोल्मा मात्र नभइ पुतली बजार नगरपालिका, शुक्लागण्डकी नगरपालिका र बिरुवा गाउपालिकालाई समेत खेलको माध्यामबाट जोड्ने काम गरेकोमा धन्यवाद ब्यक्त गर्दै नगरपालिकाको तर्फबाट सहयोग र सहकार्य गरेर अगाडी वढ्ने प्रतिवद्धता ब्यक्त गरिन।

सात सय कोल्मा सम्पर्क मञ्चको आयोजना र पुतलीबजार नगरपालिका स्याङ्जा, शुक्लागण्डकी नगरपालिका सह आयोजनामा सम्पन्न उक्त कार्यक्रमको सह प्रायोजन छिमेकी गाउँ समाज हङकङ, कोल्मा बहाकोट समाज युकेले गरेको थियोभने सम्राट फिजिकल ट्रेनिङ सेन्टर पोखरा, ब्रिटिस गोरखा ट्रेनिङ सेन्टर पोखरा, ईलाईट गोरखा फिटनेस ट्रेनिङ एण्ड एजुकेशन सेन्टर, मिलनसार तमु समाज बेगनासताल पोखरा, कोल्मा बहाकोट तमु समाज, फुलवारि सेवा केन्द्रको सहयोग रहेको थियो। चिरुवा सामुदायिक होमस्टे पुबनपा २, कन्या बराही सामुदायिक होमस्टे पुतलीबजार २, पोखरीछाप सामुदायिक होमस्टे पुतलीबजार ९, कोल्मा सामुदायिक होमस्टे पतलीबजार ९, भैसेगौडा सामुदायिम होमस्टे पुतलीबजार २, काल्खु सामुदायिक होमस्टे पुतलीबजार ९, राईपुर सामुदायिक होमस्टे शुक्ला गण्डकी नगरपालिका ११, राङभाङ सामुदायिक होमस्टे बिरुवा ३ र खुदी सामुदायिक होमस्टे बिरुवा ४ प्रवर्द्धकको रुपमा रहेको थियो।

# दीर्घायु हस्पिटलमा डायलाइसिस सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



विश्व मृगौला दिवसको अवसरमा सम्पूर्णको लागि मृगौला भन्ने मुल नाराको साथ दीर्घायु पोखरा हस्पिटलमा निशुल्क स्वास्थ्य शिविर हालै सम्पन्न भयो।

दीर्घायुले आयोजना गरेको निशुल्क शिविरमा ३० वर्ष भन्दा माथीको एक सय १२ जना स्वास्थ्य परीक्षणमा सहभागी भएका थिए । सहभागीता मध्ये १५ जनाको उच्च रक्तचाप, २२ जनाको मधुमेह र १४ जनाको मृगौला सम्बन्धी समस्या देखीएको डा. क्लारा पौडेलले वताइन्। हस्पिटलमा हाल दुइवटा मेशिनवाट हेमोडायलाइसिस शुरु भएको र छ वटा मेशीन सम्मको लागि पूर्वधारका साथ सेवा सुविधाको व्यवस्था गरिएको डा क्लाराले जानकारी दिइन् । सोही दिन दीर्घायु हस्पिटलले मेसिनबाट गरिने डायलाइसिस सेवा पनि सुरु गरेको छ । डा बद्री पौडेलले डायलाइसिसको शुभारम्भ गरेका हुन। हस्पिटलले पेटवाट गरिने (परियोनियल डाइलाइसिस) एक वर्ष अगाडि देखि सुरु गरिएको डा वद्रीले भने। सो अवसरमा हस्पिटलले मृगौला सम्बन्धी विरामीहरुका लागि विशेष छुटको व्यवस्था गरिएको हस्पिटलका प्रवन्ध निर्देशक राधाकृष्ण पोखरेलले बताए।

## क्रियाशील...

सकिने धारणा उनको छ । प्रेस सुधारमा सरकारको दायित्वको पनि अपनत्व हुने गरी लाग्न उनले आग्रह गरेकी छिन् । तालिमका संयोजक पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले नेपाली भाषामा पटकपटक आक्रमण हुँदा समस्या खेप्नुपरेको बताए । जसलाई समाधान गर्न यस्ता तालिमको आवश्यक पर्ने भनाई उनको छ। पोखरामा क्रियाशील पत्रकारिता गर्दै आएका पत्रकारहरुले तालिम बाट लाभ लिनेमा उनी विश्वस्त देखिन्छन्। तालिममा ५५ जनाको सहभागिता छ।

# शितल ज्योति कप प्रतियोगिताको उपाधिको लागि रत्न सेवा र एकता एफ.सी.भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन



शितल ज्योति कप सेभेन ए साइड फुटबल प्रतियोगिता २०७९ को उपाधिको लागि रत्न सेवा समाज र एल.जी एकता बिच फाइनल खेल हुने भएको छ।

शनिबार पोखराको अम्मर सिंह चौरको खेल मैदानमा दिउँसो १:०० बजे फाइनल खेल हुने भएको प्रतियोगिता संयोजक सन्तोष गुरुङले बताए।

शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा भद्रकाली एफ.सी.लाई रत्न सेवा समाजले ३–० को एकतर्फी फराकिलो गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनाएको प्रतियोगिताका रेफ्री सौरव गुरुङले बताए । खेलको १३ औं मिनेटमा समाजको लागि भद्रकालिकाका प्रविन गुरुङ एक गोल उपहार दिएका थिए । क्लियर गर्न खोजेको बलले जाली चुमेसंगै समाजलाई जित सहज भयो । समाजका आइत तामाङ र सिमोन तामाङले एक/एक गोलको योगदान दिए । खेलमा सिमोन म्यान अफ दी म्याच घोषित भए । त्यसै गरी अर्को खेलमा तारा एफ.सी.लाई एल.जी. एकताले १–० ले पराजित गरेको छ । एकताको खेलमा नायक बनेका प्रिन्स तुलाचनले निर्णायक गोल गर्दै म्यान अफ दी म्याच समेत घोषित भए। यही फागुन २० गतेदेखी सञ्चालन भएको प्रतियोगिताको बिजेताले १ लाख ५५ हजार ५ सय ५५ नगद सहित ट्रफी मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने भएको छ। प्रतियोगितामा उपविजेताले ८५ हजार ५ सय ५५ रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने भएको छ । त्यसैगरी प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई माउण्टेन वाइक पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजारको साथमा ट्रफी पुरस्कार प्राप्त गर्ने छन् । प्रतियोगितामा २९ टिमको सहभागिता रहेको शितल ज्योति क्लवका सचिव पुर्ण गुरुङले बताए।


**गण्डकी बोर्डिङ स्कुल**
(राष्ट्रिय विद्यालय), लामाचौर, पोखरा
फोन नं. ०६१-४४३३९८, ४४३४१४ Email:- info@gbs.edu.np

**कक्षा ४ को प्रवेश परीक्षा सम्बन्धी सूचना**

गण्डकी बोर्डिङ स्कुल लामाचौर, पोखरामा शैक्षिक सत्र २०८० को लागि कक्षा ४ मा पूर्ण शुल्क तिरेर आवासीय वा दिवा सुविधामा अध्ययन गर्न इच्छुक विद्यार्थीको प्रवेश परीक्षा तपसिल बमोजिम हुने भएकोले आवेदन गर्नुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यस परीक्षाको लागि विद्यार्थी कक्षा ३ मा अध्ययन गरिरहेको र २०७९ चैत्र मसान्तसम्ममा १० वर्ष ननाघेको हुनुपर्ने छ ।

१. फाराम वितरण : २०७९ फागुन १ गतेदेखि २०७९ चैत्र २ गतेसम्म
२. फाराम बुझाउने अन्तिम मिति : २०७९ चैत्र २, विहीवार ४:०० बजेसम्म
३. परीक्षा हुने मिति र समय : २०७९ चैत्र ४ गते शनिवार, बिहान १०:३० बजेदेखि ।
४. परीक्षा कक्षा ३ को पाठ्यक्रममा आधारित हुनेछ ।
५. नेपाली विषय बाहेक अरु सम्पूर्ण विषयको प्रश्नपत्रहरु अङ्ग्रेजी माध्यममा हुनेछ ।
६. विद्यार्थीले परीक्षामा डट पेन अथवा मसी भएको कलम अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने छ ।

आवश्यक कागजातहरु :
१. पासपोर्ट साइजको फोटो दुई प्रति ।
२. कक्षा ३ को प्रथम वा द्वितीय त्रैमासिक परीक्षाको सक्कल मार्कसिट/ग्रेडसिट ।
३. जन्मदर्ता प्रमाणपत्रको फोटोकपी ।

अन्य विवरणमा :
१. कक्षा ४ को भर्नामा पोखरा महानगरपालिका वडा नं. १६ र १९ क्षेत्रमा स्थायी बसोबास गरेका विद्यार्थीहरुका लागि ६ वटा आरक्षित सीट रहेको हुँदा सो कोटामा आवेदन गर्न इच्छुक अभिभावकले वडा कार्यालयबाट सो क्षेत्रको स्थायी बासिन्दा हुन् भनी खुलाएको सक्कल कागजातसहित आवेदन पेश गर्नुपर्ने छ ।
२. विस्तृत जानकारीका लागि विद्यालयमा सम्पर्क गर्नुहुन वा www.gbs.edu.np हेर्नुहोला ।

प्राचार्य



**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा**

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति चैत २ गते बिहीबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि


नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# विवरण नबुझाउने करदाता कारवाहीमा

**श्रीकृष्ण सिग्देल**
स्याङजा, २६ फागुन

स्थायी लेखा नम्वर लिएका करदाताले समयमै आय विवरण पेश नगरेका सेवाग्राहीलाई अविलम्व विवरण बुझाउन अनुरोध गरिएको छ।

करदाता सेवा कार्यालय पुतलीबजार स्याङ्जाले लामो समयदेखी मुल्य अभिबृद्धि करको विवरण नबुझाएको देखिएकाले सेवाग्राहीलाई अविलम्ब विवरण बुझाउन अनुरोध गरेको हो। ८९ महिना देखिका केही करदता र पछिल्लो समय ४ महिना देखीका करदाताले आय विवरण नबुझाएको तथ्याङ्क करदाता कार्यालय स्याङ्जाले सार्वजनिक गरेको छ। करदाता कार्यालय स्याङ्जाका प्रमुख शोभाकान्त पंगेनीले दिएको जानकारी अनुसार अहिले सम्म झण्डै ४ सय करदाताले मुल्य अभिबृद्धि करको विवरण नबुझाएको देखिएको बताए। हामीले पटक–पटक विवरण बुझाउन आग्रह गरेका छौं उनले भने,'विवरण बुझाउन आलटाल गर्ने करदातालाई कानुन अनुसार कारबाही हुन्छ।' कार्यालयले तोकेको समयसिमा भित्र विवरण नबुझाउने करदाता मुल्य अभिबृद्धि कर ऐन २०५२ अनुसार कारवाहीमा पर्नेछन् उनले भने। स्याङ्जामा १ हजार ३ सय १४ जना मुल्य अभिबृद्धि करमा दर्ता भएका छन्। कार्यालयले सार्वजनिक गरेको विवरणमा सामाजिक संघसंस्था, उद्योगी व्यवसायी र एनजीओहरुले लामो समयदेखी आय विवरण पेश नगरेको तथ्याङ्क छ। विवरण पेश नगर्नेमा अधिकांश व्यवसायी रहेको करदाता सेवा कार्यालय स्याङ्जाले जनाएको छ। कार्यालयले स्याङ्जाका केही व्यवसायीहरुको पसलहरुमा समेत अनुगमन गरी मुल्य अभिबृद्धि कर विवरण पेश गर्ने सुझाव समेत दिएको जनाएको छ। कर छली गर्ने व्यवसायीलाई भने कारवाहीको दायरामा राखिने कर कार्यालयले जनाएको छ। आन्तरिक राजस्व विभागले आर्थिक बर्ष २०७९/०८० लाई बजार अनुगमनको बर्षका रुपमा लिएको जनाएको छ।

नेपाल सरकारको आर्थिक बर्ष २०७९/०८० को राजस्व नीति तथा कार्यक्रम अनुसार सघन र प्रभावकारी अनुगमन मार्फत राजस्व चुहावटलाई नियन्त्रण र करदातालाई सहजीकरण गर्ने अभियान गर्ने जनाएको छ।

सोही नीति अनुरुप स्याङ्जा करदाता सेवा कार्यालयले आय अभिलेख नबुझाउनेको नामावली सार्वजनिक गर्ने र बजार अनुगमन गर्ने कार्य अबलम्वन गरेको छ। अहिले सम्म झण्डै दुई दर्जन पसलहरुमा कार्यालयले अनुगमन गरेको छ भने अनुगमनलाई निरन्तरता दिने जनाएको छ।

# मगर कथानक चलचित्र 'उखान' पोखरामा चैत २५ गते प्रदर्शन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

नेपाली र मगर भाषामा निर्माण भएको मगर कथानक चलचित्र 'उखान' पोखरामा चैत २५ गते प्रदर्शन हुने भएको छ।

मगर कथानक चलचित्र ' उखान' निर्माता समूहले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गर्दै नेपाली र मगर भाषामा निर्माण भएको फिल्मी पोखरामा चैत २५ गतेको मिति तय भएको जानकारी दिएको हो। मगर कथानक चलचित्र 'उखान'का निर्माता मेक बहादुर आलेले हराउँदै गएको मगर समुदायको भाष र संस्कृतिलाई समेटेर ' उखान' मगर चलचित्र निर्माण गरेको बताए। 'पछिल्लो समय मगर समुदायमा भाषा र संस्कृति लोप हुँदै गएको छ, त्यसैको जर्गेना स्वरुप चलचित्र निर्माण गरेका छौं, निर्माता आलेले भने, ' काठमाडौंमा चैत १८ र पोखरामा




चैत २५ गते प्रदर्शन गर्ने तयारी गरेका छौं।' उनले चलचित्र प्रदर्शनबाट आएको रकम सामाजिक सेवामा खर्च गर्ने समेत जानकारी गराए।'देशको विभिन्न जिल्लाहरुमा चलचित्र प्रदर्शन गर्ने तयारी अनुसार पोखरामा आएका छौं, चलचित्र प्रदर्शनबाट आएको रकम सामाजिक क्षेत्रमा खर्च गर्ने निर्णय गरेका छौं।' उनले भने।

निर्माता आलेका अनुसारमा पोखरामा चैत २५ गते पोखरा १० भ्रमणकोट पार्टी प्यालेसमा मगर कथानक चलचित्र 'उखान' प्रदर्शन हुँदै छ।

पत्रकार सम्मेलनमा चलचित्र 'उखान'का निर्देशक प्रकाश कुमार दर्लामीले मगर समुदायमा हराउँदै गएको भाषा र संस्कृतिबाट नै चलचित्रको सुरुवात भएको बताए। 'मगर कथानक चलचित्र 'उखान', चलचित्र मगर भाषामा मात्र छैन, नेपाली र मगर भाषा दुवै चलचित्र तयार भएको छ, दर्लामीले भने, 'चलचित्र हलमा प्रदर्शन हुने भएपनि हामीले बजारमा मात्र नभएर ग्रामीण क्षेत्रमा समेत चलचित्र प्रदर्शन गर्दै छौं।' एक्सन फिल्मसको ब्याजरमा निर्माण भएको 'उखान' चलचित्र प्रकाश कुमार दर्लामीको लेखन निर्देशन, कार्यकारी निर्माता मेकबहादर आले, सहनिर्देशक न्यूसन दर्लामी मगर, टेक बहादुर अस्तानी र देव कुमार दर्लामीको निर्माता, निर्मला थापा मगर र सुनिता आले मगर सह-निर्मातामा चलचित्र तयार भएको छ।

चलचित्रमा कलाकार खड्ग बहादुर पुन (खबपु), प्रकाश कुमार दर्लामी, रिमा काउचा मगर, काजिमान पुलामी, धनमाया सोति मगर, हेमा पुन मगर, बलबिक्रम थापा, सावित्री रानामगर, मेक आले, शंकर सुनुवार, दीपक योगी, लक्ष्मी श्रेष्ठ र बाल कलाकारमा नम्रता पुन मगरको मुख्य अभिनय रहेको छ।

# व्यासमा कृषकलाई मकैको बीउ वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ फागुन

तनहुँको व्यास नगरपालिकाले कृषकलाई उन्नत जातको छ मेट्रिक टन मकैको बीउ वितरण गरेको छ। नगरपालिकाले ५० प्रतिशत अनुदानमा उक्त बीउ उपलब्ध गराएको हो।

व्यासका चौधवटै वडाका कृषकलाई मकैको बीउ वितरण गरिएको हो। कृषकलाई अरुण-२, रामपुर कम्पोजिट, मनकामना-३ लगायत जातको मकैको बीउ वितरण गरिएको व्यास कृषि शाखाका कृषि अधिकृत प्रतिमा बगालेले जानकारी दिनुभयो। प्रत्येक वडाबाट सिफारिस भइआएका कृषकलाई उनीहरूले माग गरेको आधारमा बीउ उपलब्ध गराएको उहाँले बताउनुभयो। "हालसम्म छ मेट्रिक टन बीउ वितरण गरिसकेका छौँ", बगालेले भन्नुभयो, "बाँकी बीउ वितरण जारी छ।" उन्नत जातको मकैको बीउको मूल्य प्रतिकिलो रु एक सय ३० देखि रु एक सय ५० कायम गरिएको छ। कृषकलाई व्यावसायिक खेतीतर्फ आकर्षित तथा आत्मनिर्भर बनाउने उद्देश्यले बीउमा अनुदान दिन थालिएको उहाँको भनाइ छ।

व्यास नगरपालिकाले यसअघि १४वटै वडाका कृषकलाई २२ मेट्रिक टन आलुको बीउ वितरण गरेको थियो। यसैगरी नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषकलाई मौरीका घारसमेत वितरण गर्न लागेको छ। एक सय कृषकलाई मौरीसहितको घार प्रदान गरिने कार्यालयले जनाएको छ।

# गाउँ रित्तिए, बजार भरिए

**पोखरापत्र संवाददाता**
पोखरा, २६ फागुन

एक दशक अगाडिसम्म बागलुङमा धेरै बजार थिएनन्। अधिकांश गाउँमै बस्ने, पशुपालन र कृषि गरेर जीवन निर्वाह गर्थे। उनीहरूमा बजारमोह त्यत्ति थिएन। बजार साना थिए। अहिलेका जस्ता ठूला-ठूला पक्की घर थिएनन्। बजारमा पनि माटो, ढुङ्गा र काठले बनेका घर बढी थिए।

स्थानीय तह बनेसँगै गाउँ-गाउँमा मोटरबाटो पुग्न थाल्यो। साना बजार ठूला सहरमा परिणत हुँदै गए। बागलुङ, गलकोट र बुर्तिबाङलाई मुख्य बजारका रूपमा लिइन्थ्यो। पछिल्लो समय बुर्तिबाङ र गलकोट बजार घरैघरले भरिन थालेको छ। ग्रामीण भेगका बासिन्दा सेवा सुविधा खोज्दै तराइ तथा सहरमा बसाइँसराइ गर्ने चलन ह्वात्तै बढेको छ। अहिले दिनप्रतिदिन गाउँ छाडेर बजार झर्नेको लर्को लाग्न थालेको छ। गाउँको कुना कन्दरासम्म सडक पुगे पनि बजारमोह भने उस्तै छ।

निसी, कानाबगर, झिवाखोला, जुग्गाखोला, काठेखोलाको भीमगिठे, खार, खौलारा, न्वारा, काठेखोलाको अक्षते, बरेङको बरेङडाँडा, जैमिनीको कुश्मिरालागयत ठाउँ बजारमा परिणत हुँदैगएका छन्। गाउँमा विकासले गति लिए पनि सहर जाने क्रम रोकिएको छैन्। गाउँ रित्तिँदै तर बजार भरिँदै गएका तमानखोलाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो।

"अहिले विदेश जाने, पैसा कमाउने र बजार झर्ने लहर चलेको छ", उहाँले भन्नुभयो। तमानखोलाबाट बुर्तिबाङ झर्नेको सङ्ख्या बढी छ। योसँगै पोखरा, काठमाडौँ, बुटवललगायत सहर बसाइँसराइ गर्ने अत्यधिक छन्। बसाइँसराइ रोक्न स्थानीयलाई आयआर्जनसँग जोड्नुपर्नेमा बुढामगर बताउनुहुन्छ।

"बसाइँसराइको मुख्य कारण गाउँमा पर्याप्त विकास र सेवासुविधा नहुनु हो, हुनेखाने सब सहर बजार जान थालेका छन्", अध्यक्ष बुढामगरले भन्नुभयो। निसीखोलाको झिवाखोला, बडिगाडको खौलारा र गलकोटको हटिया बजार बसाइँसराइ गर्नेको सङ्ख्या बढेको छ। बागलुङमा सबैभन्दा बढी गलकोट बसाइँसराइ रहेका गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारी बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "गाउँमा विकास भइरहेकै छ, तर पनि बसाइँसराइ कम भएको छैन्।" गाउँमा युवा भेट्टाउनै मुस्किल पर्छ। गाउँका घर जीर्ण बन्दै गएका छन्। घर र खेतीयोग्य जमिन प्रयोग गर्नेको सङ्ख्या घट्दै गएको गलकोट-७ का विष्णु थापाले बताउनुभयो। बसाइँसराइले गाउँ रित्तिदा उत्पादनमा कमी आएको छ। धान, गहुँ, मकै र सागसब्जी फल्ने बारी बाँझिएका छन्। गाउँ उराठ बन्दै गएका छन्।

# गिद्धलाई प्रकृतिमा छाडिँदै

**रासस**
नवलपरासी , २६ फागुन

नवलपरासी (बर्दघाट सुस्तापूर्व) को जटायु रेस्टुरेण्टमा राखिएका १० गिद्धलाई शनिबार प्रकृतिमा छाडिने भएको छ। गत कात्तिक १७ गते चितवन राष्ट्रिय निकुञ्जबाट जटायु रेस्टुरेण्टको खोरमा राखिएका गिद्धलाई प्रकृतिमा छाडिने तयारी गरिएको हो।

चितवन राष्ट्रिय निकुञ्ज कसरामा रहेको गिद्ध प्रजनन् केन्द्रमा हुर्काइएका र त्यस केन्द्रमा जन्मिएका गिद्धलाई सुरक्षित प्राकृतिक वासस्थानमा पुनःस्थापना गर्नका लागि विश्वकै दुर्लभ डङ्गर प्रजातिका गिद्धलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध पुनःस्थापना कार्ययोजनाअनुसार नमूना मध्यवर्ती सामुदायिक वनमा अवस्थित जटायु रेष्टुरेण्ट क्षेत्रमा छाड्ने तयारी गरिएको संरक्षण विज्ञ डिबी चौधरीले बताउनुभयो।

"छाड्नुअघि ती गिद्धको अवस्था र स्वास्थ्यका बारेमा अनुसन्धानका लागि प्राविधिकले काम गरिरहेका छन्", उहाँले भन्नुभयो, "खोरमा राखिएका सबै गिद्धको स्वास्थ्य अवस्था परीक्षण गरिएको छ, सबैको स्वास्थ्य राम्रो रहेको र लगाइएका 'सेटलाइट ट्याग' ठीक अवस्थामा रहेको छ।"

# सुक्खा पहिरोमा परी बागलुङमा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ फागुन

बागलुङको बरेङमा सुक्खा पहिरोले पुरिएर एक जनाको मृत्यु भएको छ।

जिल्लाका बरेङ गाउँपालिका-२ हुग्दिशिर सक्नेरीमा पहिरोमा परेर निसीखोला गाउँपालिका-६ का ४२ वर्षीय शुकलाल विकको मृत्यु भएको हो। पेरिबाङ-बरेङ उर्लेनी मोटर बाटो बिस्तारका क्रममा काम गर्दै गर्दा माथिबाट एक्कासी झरेको सुक्खा पहिरोमा विकको ज्यान गएको प्रहरीले जनाएको छ। शुक्रबार दिउँसो १२:४५ बजेको समयमा पहिरोमा परेर गम्भीर घाइते भएका विकलाई उपचारका लागि सदरमुकाम बागलुङतर्फ रिफर गरिएकामा उनको बाटैमा ज्यान गएको विकका आफन्त तुलबहादुर बुढाले बताउनुभयो।

# आँबुखैरेनीमा आलु मेला

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ फागुन

आँबुखैरेनी गाउँपालिकाको आयोजनामा 'प्रथम आँबुखैरेनी आलु मेला २०७९' आजदेखि सुरु भएको छ।

कृषकले उत्पादन गरेका आलु उपभोक्तालाई सुपथ र सहज मूल्यमा बिक्रीवितरण गर्ने लक्ष्यका साथ आलु मेलाको आयोजना गरिएको हो। आँबुखैरेनी गाउँपालिका-३ हाटबजार स्थित अमिलीबोटेमा आयोजित मेला फागुन २६ र २७ गते सञ्चालन हुने व्यवस्थापन समितिका संयोजक सन्तोष केसीले जानकारी दिनुभयो। गाउँपालिकाले केही दिनअघि सञ्चालनमा ल्याएको हाटबजारमा छिम्केश्वरीको मह र खस्राराङबेंसीको एभोकाडोका बिरुवा अत्यधिक बिक्री भएको उहाँले बताउनुभयो। स्थानीयस्तरमा उत्पादित कृषि, पशु तथा बाँसजन्य वस्तु हाटबजारमा बिक्री गर्न पाउँदा कृषक खुसी भएको उहाँको भनाइ छ। आँबुखैरेनी गाउँपालिका-१ र २ वडामा पर्ने सत्र सय र बरादीलाई तरकारी पकेट क्षेत्रका रुपमा लिइएको छ। उक्त दुई वडामा उत्पादन गरिएका आलु ग्रेडिङ र सालाखाला गरी बिक्री गरिनेछ। मेलामा आलुबाट बनेका परिकार आलु पकौडा, आलु चप, चटपटलगायतका विभिन्न परिकार राखिनेछ। कृषकलाई निःशुल्करुपमा स्टल उपलब्ध गराइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्मालेे जानकारी दिनुभयो। आँबुखैरेनी गाउँपालिकाले गाउँपालिका मातहतमा छ वटै वडा, टोल विकास संस्था, आमा समूह, सहकारी संस्था, शिक्षक, कलाकार, क्लब, नागरिक समाजलगायतका विभिन्न सङ्घसंस्थालाई पत्रचार गरिएको बताएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १७ बालोदय सु–शान्त टोल बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नामः बालोदय सु–शान्त टोल बाटो निर्माण योजना
स्थानः पोखरा–१७, सु–शान्तटोल
योजना सम्झौता मिति : २०७९/११/१७ गते
योजना सुरु हुने मितिः २०७९/११/१७ गते
योजना सम्पन्न मितिः २०७९/११/२६ गते
योजनाको कुल लागत : रु.८,४८,८००।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.४,२४,४००।–
जन सहभागितावाट : रु.४,२४,४००।–
उपभोक्ता समिति अध्यक्षः बाबुराम शर्मा
सम्पर्क नंः ९८५७६३०३३२

**बालोदय सु-शान्त टोल बाटो निर्माण योजना उपभोक्ता समिति पोखरा-१७, सु-शान्तटोल**

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/११/२७)

**जिल्ला नवलपरासी (ब.सु.पू) गैडाकोट न.पा.–१८, स्थित श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दीमा रहेको साल गोलिया थान ४५ को ३८१.३१ क्यू. फि. र साल चिरान थान ३२७ को ४५७.३१ क्यू.फि. साथै साल दाउरा २ चट्टा जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियम अनुसार सुचिकृत भएका स:मिल/भेनियर/प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सर्म्पक राख्न सकिने छ।**

**श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समुह**
**गैडाकोट न.पा.–१८, नवलपरासी (व.सु.पू)**

# शिवालयमा शिक्षकलाई ४० हजार रुपैयाँ नगदसहित सम्मान

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, २६ फागुन



कास्कीको रूपा गाउँपालिका-२, थुम्कीस्थित शिवालय माध्यमिक विद्यालयमा निजी स्रोतमा कार्य गरेका एक शिक्षकलाई नगद रु. ४० हजार रुपैयाँसहित सम्मान गरी बिदाइ गरिएको छ।

शुक्रबार विद्यालयमा आयोजित शिक्षक बिदाइ तथा सम्मान कार्यक्रममा झण्डै १७ वर्षसम्म निजी स्रोतमा रही कार्य गरेका शिक्षक सुकबहादुर थापालाई विद्यालयले नगदसहित सम्मान गर्दै बिदाइ गरेका हो। २०६२ देखि विद्यालयमा कार्य गरेका उनले उमेर हदका कारण गत फागुन १ गतेदेखि स्वैच्छिक अवकाश लिएका थिए। उनले विद्यालयमा कार्यरत रहँदा गरेको योगदानको कदर गर्दै नगदसहित सम्मान गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनपति ओझाले जानकारी दिए।

उनीसँगै शिक्षिकात्रय बिना तिमल्सेना, पार्वती श्रेष्ठ र सङ्गीता ओझालाई पनि सम्मानसहित बिदाइ गरिएको थियो। तिमल्सेना र ओझा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षकमा सिफारिस भएकाले र श्रेष्ठको सरुवा भएकाले विद्यालयबाट बिदाइ गरिएको हो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनपति ओझाको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि रूपा गाउँपालिका, वडा नम्बर २ का वडा अध्यक्ष राजन सुवेदीले विद्यालयको चौतर्फी विकासका लागि बिदाइ भएर गएका शिक्षकहरूले गरेका योगदानको प्रशंसा गरे। विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्षसमेत रहेका सुवेदीले आफू अध्यक्ष हुँदा विद्यालयको विकासका लागि गरिएका प्रयासहरूमा सबैले होस्टेमा हैंसे गरेको स्मरण गरे।

कार्यक्रममा बिदाइ भएर जाने शिक्षकहरूले विद्यालयले प्रविधिमैत्री ढङ्गले सञ्चालन गरेको सिकाइ सहजीकरण प्रक्रिया जहाँ गए पनि बिर्सन नसक्ने धारणा राखेका थिए। उनीहरूले शिक्षकको क्षमता वृद्धि र उत्प्रेरणामूलक कार्यमा विद्यालयले गरेको सहयोगले जुनसुकै ठाउँमा गएर पनि शिर ठाडो गर्न सकिने परिस्थिति सिर्जना गरेको स्मरण गरे।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावी, पूर्व प्रधानाध्यापक जयराम सुवेदी, शिक्षक-अभिभावक सङ्घकी शिक्षक प्रतिनिधि शान्ता तिमल्सेना, शिवालय बाल क्लबकी अध्यक्ष करिना ओझालगायतले बिदाइ भएर जाने शिक्षकहरूलाई बधाई र शुभकामना दिएका थिए।

# स्टार चिल्ड्रेनको सामाजिक लेखा परीक्षण सम्पन्न

**समिक्षा गौतम/रन्जिता आचार्य**
पोखरा, २६ फागुन




स्टार चिल्ड्रेन कास्की नेपालको सामाजिक लेखा परीक्षण कार्यक्रम सम्पन्न भएको छ। शुक्रबार स्टार चिल्ड्रेनले गत आर्थिक वर्ष २०७८/७९ को सामाजिक लेखा जोखा कार्यक्रमम सम्पन्न गरेको हो।

कार्यक्रमको स्वास्थ्य निर्देशनालय पोखराका बरिष्ठ स्वास्थ्य शिक्षा प्रशासन प्रमुख हेमन्त शर्मा पौडेलले उद्धाटन गरे। उनले संस्थाले बालबालिकाका क्षेत्रमा गरेको कार्यहरुको प्रंशसा गर्दै समस्या परेको अवस्थामा ३ वटै तहका सरकारसँग समन्वय गरेर अगाडी बढ्न सुझाव दिए। उनले बालबालिकाको शिक्षा र रोजगारीका सवालमा पनि चुनौती हुनसक्ने भन्दै यसलाई दिगोरुपमा समाधानका लागि तयारी गर्न पर्नेमा जोड दिए।

जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बद्रीराजआचार्य बालबालिका संवेदनशिल क्षेत्र रहेको भन्दै बालबालिकाका क्षेत्रमा काम गर्ने संस्थहरु झनै संवेदनशिल हुन जरुरी रहेको बताए।

गैसस महासंघ गण्डकी प्रदेशका उपाध्यक्ष पदम पहारीले पोखरामा सञ्चालित बालगृहहरु सरकारी मापदण्ड अनुसार रहेको बताए। उनले सामाजिक परीक्षणले सुशासन र पारदर्शिताका हिसावले सरल रुपले बुझ्न सहयोग पुग्ने बताए। कार्यक्रममा पोखरामहानगरपालिकासामाजिक शाखाका बरिष्ठ अधिकृत तथा बाल कल्याण अधिकारी विष्णुमाया पौडेलले बालबालिका सम्बन्धी ऐन, नियममा रहेर बालगृह सञ्चालन गर्न आग्रह गरिन्। उनले पोखरा महानगर सहकार्यका लागि तयार रहेको बताइन्। राष्ट्रिय बाल अधिकार परिषद गण्डकी प्रदेश समन्वय अधिकारी बद्रीप्रसाद वाग्लेले बालअधिकार संरक्षण संवेदनशिल क्षेत्र रहेको बताए। उनले सरकारले तोकेको मापदण्ड अनुसार सञ्चालन गर्न आग्रह गरे। कार्यक्रममा अधिकारकर्मी बिजयकुमार प्रधान, मनोजकुमार गुरुङ, विदुर भण्डारी लगायतले बोलेका थिए।

२०६० सालमा स्थापना भएको संस्थाले एच.आई.भी संक्रमित तथा प्रभावित बालबालिकाका क्षेत्रमा काम गर्दै आइरहेको छ। संस्थामार्फत हाल १८ जनाले आश्रय लिइरहेका छन्। संस्थाले बालगृह र नवजीवन केन्द्र गरि २ वटा परियोजना सञ्चालन गरिरहेको छ। संस्थाका कार्यवहाक अध्यक्ष तारा प्रसाद गौतमको अध्यक्षतामा भएको कार्यक्रममा पत्रकार दीपेन्द्र श्रेष्ठले संस्थाको गतिविधिमा आधारित सामाजिक लेखा परीक्षण प्रस्तुती राखेका थिए। सहभागिहरुबाट उठेका जिज्ञासाको संस्थाका प्रमुख कार्यकारी अधिकृत मोहन त्रिपाठीले प्रष्ट पार्दै आगामी दिनमा सुधार गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए।

# प्रसारण लाइन निर्माणका लागि जग्गा नापजाँच गरिने

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ फागुन

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए नेपाल) ले सञ्चालन गरेको विद्युत् प्रसारण आयोजनाअन्तर्गत तनहुँमा विद्युत् प्रसारण लाइनका लागि जग्गा नापजाँच गरिने भएको छ।

तनहुँ जिल्लाभित्र पर्ने विद्युत् प्रसारण लाइनको टावरको जग निर्माणका लागि नापजाँच सुरु गर्न लागिएको हो। मन्त्रिपरिषद् बैठकको विसं २०७६ वैशाख २३ को निर्णयअनुसार आयोजनालाई आवश्यक जग्गा प्राप्त गर्ने कार्यको सिलसिलामा तनहुँका पाँच पालिकामा जग्गा नापजाँच अगाडि बढाउन जग्गा प्राप्ति ऐन, २०३४ को दफा ६ (१) अनुसार सूचना जारी गरिएको छ। जग्गा प्राप्ति ऐन, २०३४ अनुसार आयोजनाका लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्न क्षेत्रमा जग्गाको नापजाँच, सर्वेक्षण, साँध छुट्याउने, किला गाड्नेलगायतका काम हुनेछ।

प्रमुख जिल्ला अधिकारी छविलाल रिजालको अध्यक्षतामा फागुन ११ मा बसेको मुआब्जा निर्धारण समितिको प्रथम बैठकले जग्गा प्राप्तिको कार्य अगाडि बढाउने निर्णय गरेको छ। प्रजिअ रिजालले जग्गा प्राप्तिको पहिलो चरणअन्तर्गतको काम सुरु हुन लागेको जानकारी दिनुभयो। प्रसारण लाइन निर्माणका लागि आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाका जग्गा अधिग्रहण गरिनेछ। आँबुखैरेनी गाउँपालिका-४ को पुरेवेशीबाट उत्तर, लोप्याङबाट दक्षिण, सिउरेनीबाट उत्तर, वडा नम्बर ४ कै काफलडाँडाबाट उत्तर, वडा नम्बर ५ को लाब्दीबाट दक्षिण, वडा नम्बर ५ कै बगाई नजिक, वडा नम्बर ६ को डाँडागाउँबाट उत्तर, सिरानुखोलाबाट दक्षिण, घोरे गाउँबैंसीबाट उत्तर, ज्यामिरे र छापस्वाराबाट दक्षिण, जलभञ्ज्याङ नजिकैको जग्गा अधिग्रहण गरिनेछ। बन्दीपुर गाउँपालिका-६ को बनगिया नजिक, कल्लेरीबाट उत्तर, गाम्पाबाट दक्षिण, बासपानीबाट उत्तर, वडा नम्बर ३ को माथिल्लो हलथुम्का नजिकै कुकुर्दीबाट दक्षिण, वडा नम्बर २ को बेलकुनाबाट दक्षिण, धितालडाँडाबाट उत्तर, व्यास नगरपालिका-१४ को आफ्रेडाँडाबाट उत्तर, ठूडेगैराबाट दक्षिण, वडा नम्बर १३ को बेलभञ्ज्याङ, डाँडाचोकबाट दक्षिण, चारघरेबाट उत्तर, थामेडाँडा नजिकै, लामेटारीबाट दक्षिण, बेलचौताराबाट उत्तर, भड्खालाबाट दक्षिणतर्फको जग्गा अधिग्रहण गरिनेछ।

साथै ऋषिङ गाउँपालिकाको वडा नम्बर १ को डाँडाखुदी नजिकै बाँझोबाट उत्तर, अङ्गेरीथुम्का नजिकै तल्लो सेटाङबाट उत्तर, वडा नम्बर ६ को धरमपानीबाट उत्तर, ज्यामिरेखानबाट दक्षिण, वडा नम्बर ७ को देउरीपानीबाट उत्तर, वडा नम्बर ७ को बारी लिकन्दीबाट दक्षिण, वडा नम्बर ८ को नयाँ ऋषिङबाट उत्तर, भिरुवासबाट दक्षिण धारुङबाट उत्तर, वडा नम्बर ८ कै धरुम भञ्ज्याङबाट दक्षिणको जग्गा अधिग्रहण गरिनेछ।

घिरिङ गाउँपालिकाको वडा नम्बर ८ को मोचाबारीबाट दक्षिण गोर्दी र मचाबारीबाट उत्तर, वडा नम्बर ५ को धाकर्दीबाट दक्षिण, बेलभञ्ज्याङबाट पूर्व साभुङ र मानपुरबाट दक्षिण, वडा नम्बर ३ को खिलाबाट दक्षिण, पोखरीछाप र डाँडाथोकबाट दक्षिण, गैराथोक नजिकै, नेवार हटिया नजिकै, सिलिङचोकबाट दक्षिण, वडा नम्बर २ को फलादीबाट दक्षिण, देउरालीबाट उत्तर, दुमकोटबाट उत्तर, वडा नम्बर १ को चङमराङबाट उत्तरतर्फको जग्गा अधिग्रहण गरिनेछ।

# मुस्ताङमा च्याङ्ग्रा पश्मिना भुवाको नमूना सङ्कलन

**– कृष्ण दवाडी**
पोखरा, २६ फागुन(रासस)

हिमाल पारीको जिल्ला मुस्ताङमा च्याङ्ग्रा पश्मिनाको गुणस्तर पहिचानका लागि नेपालमै पहिलोपटक भूवाको नमूना सङ्कलन गरिने भएको छ।

नेपाल पश्मिना उद्योग सङ्घ र अन्तर्राष्ट्रिय व्यापार केन्द्रको सहकार्यमा मुस्ताङका चारवटै पालिकामा गरी एक सय ६० किसानका आठ सय च्याङ्ग्रामा पश्मिनाका लागि आवश्यक कच्चापदार्थ भुवाको नमूना सङ्कलन गर्न लागिएको हो। आगामी चैत ८ गतेदेखि नमूना सङ्कलन सुरु हुने भएपछि सो अगाडि आज पोखरामा मुस्ताङका स्थानीय तहका प्रमुख तथा वडाध्यक्ष, कृषक लगायतसँग छलफल तथा अन्तरक्रिया गरिएको छ। सो अवसरमा मुस्ताङका जनप्रतिनिधिले नमूना सङ्कलन कार्यलाई सफल बनाउन आफ्नोतर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएका छन्। मुस्ताङका लोमान्थाङ, लो–घेकर दामोदर कुण्ड, बारागाउँ मुक्ति क्षेत्र र घरापजोङ गाउँपालिकाबाट च्याङ्ग्रा पश्मिनाका लागि भुवाको नमूना सङ्कलन गरी त्यसको गुणस्तर निर्धारण गरिने नेपाल पश्मिना उद्योग सङ्घका केन्द्रीय उपाध्यक्ष धनप्रसाद लामिछानेले बताउनुभयो। उहाँका अनुसार चैत ८ देखि १३ गतेसम्म नमूना सङ्कलन कर्ताहरुलाई कागबेनी र चराङमा प्रशिक्षण दिइनेछ। त्यसैगरी चैत १४ देखि २२ गतेसम्म नमूना सङ्कलन गरिनेछ। लामिछानेले भन्नुभयो, "च्याङ्ग्रा पश्मिनाको गुणस्तर पत्ता लगाउनका लागि भूवाको लम्बाइ, मोटाइ, आनुवांशिक विशेषताका बारेमा नमूना लिएर अनुसन्धान गर्नेछौं।

त्यसबाट प्राप्त रिपोर्ट अन्तर्राष्ट्रिय बजारमा देखाउने र च्याङ्ग्रा पालक किसानले भुवाबाट गुणस्तर अनुसारको आयआर्जन वृद्धि गर्न सघाउ पुग्नेछ।" अमेरिकाको ओडिसा सेन्टर लिमिटेडका डा क्यारोल कर्भिडले आठ स्थानीय भूवा सङ्कलक किसानलाई भूवा सङ्कलन तालिम दिनुहुनेछ भने एक सय ६० किसानका पाँच/पाँच वयस्क च्याङ्ग्रा छानी आठ सय पश्मिना भुवाको नमूना सङ्कलन गरिनेछ। पश्मिनाको गुणस्तरमापनमा सहयोग पुगोस् भनेर नमूना लिएका हरेकको निशानी लगाइने छ र सबै च्याङ्ग्रा किसानलाई सङ्ख्या र भूगोलका आधारमा नमूना लिइने बताइन्छ।

नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत राष्ट्रिय पशुप्रजनन तथा आनुवांशिक अनुसन्धान केन्द्रका प्रमुख निना अमात्य (गोर्खाली) ले मुस्ताङमा पहिलो पटक गरिएको नमूना सङ्कलनबाट च्याङ्ग्राको पश्मिनाको गुणस्तर पत्ता लाग्ने बताउनुभयो। उहाँले भन्नुभयो, "च्याङ्ग्राको पश्मिना राम्रो छ भन्ने गरिन्छ। तर क्वालिटीका बारेमा औपचारिक अध्ययन नभएको अवस्थामा यो पहिलो खुड्किलो हो। यसैमा आधारित भएर नश्ल सुधारका लागि थप कार्यक्रम बनाउन सहयोग पुग्दछ।" अन्तर्राष्ट्रिय व्यापार केन्द्रका परामर्शदाता सिचन श्रेष्ठले सङ्कलित नमूनालाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशाला तथा नेपाल गुणस्तर तथा नापतौल विभागमा व्यावसायिक गुणस्तर परीक्षणका लागि पठाइने जानकारी दिनुभयो। यसबाट पश्मिनाको गुणस्तरले यसको महत्व तथा बजार मूल्यमा प्रभाव पार्ने उहाँले बताउनुभयो।

लो–घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्पेल विष्ट मुस्ताङ जिल्लाभर सञ्चालन हुने नमूना सङ्कलन अभियानलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो। स्थानीय कृषकको आयआर्जनलाई वृद्धि गर्न नमूना सङ्कलन महत्वपूर्ण रहेको गुरुङको भनाइ छ। लोमान्थाङ गाउँपालिका अध्यक्ष टसी न्हर्ब गुरुङले नमूना सङ्कलन अघि किसानलाई पूर्वजानकारी र उद्देश्यका बारेमा बुझाउनु आवश्यक रहेको बताउनुभयो। प्राकृतिक रुपमा वीरलै उत्पादन हुने च्याङ्ग्राको भुवाबाट मात्रै प्रत्येक वर्ष सानो परिमाणमा उत्पादन गरिने पश्मिनाको व्यावसायिक माग बढी रहेको बताइन्छ। राम्रो गुणस्तरको च्याङ्ग्रा पश्मिनाका लागि आकर्षक मूल्य तिर्न नेपाली खरिद कर्ता तयार भएकाले च्याङ्ग्रापालक कृषकले राम्रो आम्दानी गर्न सकिने बताइन्छ। नमूना सङ्कलनमा च्याङ्ग्रा पश्मिना पालक सङ्घले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

# पपुवा न्युगिनीले युएईलाई हरायो

**रासस**
काठमाडौं २६ फागुन

आईसीसी विश्वकप क्रिकेट लिग-२ को अन्तिम त्रिकोणात्मक एकदिवसीय सिरिजमा पपुवा न्युगिनीले यूएईलाई ५६ रनले पराजित गर्दै विजयी भएको छ।

कीर्तिपुरस्थित त्रिबि क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा पपुवा न्युगिनीले दिएको दुई सय ४७ रनको लक्ष्य पछ्याएको युएई ४२ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै १९० रनमा समेटियो। युएईका लागि आर्यान लाक्राले ५१ रनको योगदान दिए। तेस्तै कप्तान मुहम्मद वासिमले ४१ रन बनाउँदा जावर फरिद र सीपी रिजवानले समान १९ र १९ रन बनाए। पपुवा न्युगिनीका राईली हेकुरेले तीन तथा असद भाला र कबुवा मोरियाले समान दुई र दुई विकेट लिए। सिमो कमिया र नर्मन भानुवाले समान एक र एक विकेट लिए। त्यसअघि टस हारेर पहिले ब्याटिङ् गरेको पपुवा न्युगिनीले ५० ओभरमा नौ विकेट गुमाएर दुई ४६ रन बनाएको थियो। पपुवा न्युगिनी लागि सेसे बाउले ८१ रनको योगदान दिए भने किप्लीन डोरिगाले ५५ तथा हिरी हिरीले ७७ रन जोडे। युएईका लागि आयान खानले तीन विकेट लिए भने जुनेद सिद्धिकी र जाहोर खानले समान दुई र दुई विकेट लिए।


## स्नोम्यान प्रा. लि.

### पनौती, नेपाल

### मूल्य सूची सम्बन्धमा सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डहरुको वाईन नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०७९/०८० का लागि मिति २०७९/११/२८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य प्रकाशित गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्त:शुल्क, मू.अ.कर र अन्य शुल्क समेत समावेश गरिएको छ।

| ब्राण्ड | मि.लि. | रिजनल डिष्ट्रिब्यूटर्स | | डिष्ट्रिब्यूटर्स | | होलसेल | | रिटेल | | उपभोक्ता मुल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | मुल्य | कमिशन | प्रति कार्टून | प्रति बोटल |
| AROMA (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet White Wine) | ७५० | ९,२४०।०० | ४६०।०० | ९,७००।०० | ६२०।०० | १०,३२०।०० | ५२०।०० | १०,८४०।०० | १,०४०।०० | ११,८८०।०० | ९९०।०० |
| King's Hill (12*750)ML (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ७५० | ८,१२०।०० | ४००।०० | ८,५२०।०० | ५५०।०० | ९,०७०।०० | ४७०।०० | ९,५४०।०० | ९६०।०० | १०,५००।०० | ८७५।०० |
| Chief Guest (12*750)ML ( Sweet Red Wine/ Sweet white Wine) | ७५० | ७,०००।०० | ३५०।०० | ७,३५०।०० | ४५०।०० | ७,८००।०० | ३९०।०० | ८,१९०।०० | ८१०।०० | ९,०००।०० | ७५०।०० |
| King's Hill Box Wine (4*4) LTR (Premium Sweet Red Wine/Premium Sweet white Wine) | ४ लि. | १२,१००।०० | ६००।०० | १२,७००।०० | ८००।०० | १३,५००।०० | ७००।०० | १४,२००।०० | १,४००।०० | १५,६००।०० | ३,९००।०० |

नोट: उपरोक्त बिक्री मूल्यहरुमा ब्यपारीक एवं अन्य खर्चहरु समाबेस गरिएकोले आवश्यकता अनुसार बिभिन्न तहमा ब्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ।